आज मिति २०७४ साल मंसिर १६ गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्रकुमार पोखरेलज्यूको अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

१. नगर प्रमुख श्री राजेन्द्रकुमार पोखरेल -
२. नगर उप प्रमुख श्री मंजु प्रसाई -
३. वडा अध्यक्ष श्री रोशनराज पोखरेल -
४. वडाअध्यक्ष श्री परशुराम गिरी -
५. वडाअध्यक्ष श्री रुद्रप्रसाद चिमरीया -
६. वडाअध्यक्ष श्री गोविन्दप्रसाद पौडेल -
७. वडाअध्यक्ष श्री कृष्ण बहादुर राई -
८. वडाअध्यक्ष श्री लक्ष्मीप्रसाद ओली -
९. वडाअध्यक्ष श्रीलीलाबहादुर कन्दङ्वा -
१०. वडा अध्यक्ष श्री प्रेमबहादुर कटुवाल -
११. वडाअध्यक्ष श्री प्रेमप्रसाद राजवंशी -
१२. कार्यपालिका सदस्य श्री सीता अधिकारी -
१३. कार्यपालिका सदस्य श्री सावित्रा वदेवा -
१४. कार्यपालिका सदस्य श्री न्दुवालाल राजवंशी -
१५. कार्यपालिका सदस्य श्री देवेन्द्रकुमार दर्जी -
१६. कार्यपालिका सदस्य श्री कृष्णमाया भुजेल -
१७. कार्यपालिका सदस्य श्री सुनिता खरेल सिग्देल -
१८. कार्यपालिका सदस्य श्री नवलकिशोर दत्त कायस्थ -
१९. कार्यपालिका सदस्य श्री मुना वयलकोटी -
२०. कार्यवाहक वडा अध्यक्ष श्री देवीप्रसाद अधिकारी -
२१. सदस्य सचिव श्री हरिप्रसाद मिश्र —

निर्णय नं-१-

मेयर आवास कार्यक्रमकालागि कनकाई नगरपालिकामा २०७० साल भन्दा अगाडी देखि बसोबास गरि आएका घरबार विहिन परिवार पहिचान गरी प्रत्येक वडाले सोको तथ्याङ्क मंसिर मसान्त भित्र नगरपालिकामा पेश गर्ने।

निर्णय नं २-

यस नगरको अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न आवश्यक कानूनको तर्जुमा गरि प्रदेश तथा संघमा पेश गर्ने निम्न-

अनुसारको उपसमिति गठन गर्ने।

संयोजक श्री परशुराम गिरि
सदस्य श्री लक्ष्मीप्रसाद ओली
सदस्य श्री सावित्रा वर्देवा

निर्णय नं. ३

विजुलीको मिटर नभएका घरहरुको पहिचान गरी आफैं व्यवस्था पन गर्न सक्ने, ५०% आफैं व्यहोर्न सक्ने र शत-प्रतिशत बेहोर्न नसक्ने परिवारको पहिचान गरी मंसिर मसान्त भित्र वडावाट तथ्याङ्क पेश गर्ने।

निर्णय नं ४

यस नगरपालिकामा कंक्रिट उधोग स्थापना तथा ड्रेन निर्माण सम्वन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्नानुसारको उपसमिति गठन गर्ने।
संयोजक श्री गोविन्द प्रसाद पौडेल
सदस्य श्री लक्ष्मी प्रसाद ओली
सदस्य श्री प्रेमवहादुर कटुवाल
सदस्य श्री प्रेमप्रसाद राजवंशी
सदस्य श्री लिलावहादुर कन्दङ्वा

निर्णय नं ५

नगरस्तरिय खेलकुदलाई व्यवस्थित गर्न सोको कार्यविधी तयार गर्न निम्नानुसारको उपसमिति गठन गर्ने।
संयोजक श्री नवलकिशोर दत्त
सदस्य श्री सीता अधिकारी
सदस्य श्री सुनिता खरेल सिग्देल

निर्णय नं ६

विपद व्यवस्थापन सम्वन्धी निर्देशिकामा क्षतिको वर्गिकरण वमोजिमको राहत उपलब्ध गराउन तथा विभिन्न समसामयिक सुधार गर्न र सुझाव प्रस्तुत गर्न निम्नानुसारको उपसमिति गठन गर्ने।

सुझाव उप समिति

क्रमशः

संयोजक श्री रुद्रप्रसाद चिमरीया

सदस्य श्री देवीप्रसाद अधिकारी

सदस्य श्री चुवालाल राजवंशी

निर्णय नं-७

सुरुङ्गा खोलाको किनारमा पक्की संरचना वनाउँदा खोलाको मध्य भागवाट दुवै तर्फ २० मीटर छाडेर मात्र वनाउन सकिने तथा घाग्रा खोलाको किनारमा पक्की संरचना वनाउँदा मध्य भागवाट दुवै तर्फ २५ मीटर छाड्ने गरी विर्तामोड नगरपालिका समक्ष समेत पत्राचार गर्ने।

निर्णय नं ८

विद्युतको काम क्रमश: वडा नं ९वाट शुरु गरी वडा नं ८, ६, ७, ३, ४, ५, २ र १मा क्रमिक रुपमा गर्ने।

निर्णय नं -९

यस नगरपालिकाको लक्ष्मीमार्ग ढल निर्माण र कालोपत्रे तथा वडा नं ३ मा एउटा व्यावसायिक भवन निर्माणकालागि प्राप्त हुने बजेट कार्यान्वयनकालागि आवश्यक व्यवस्था मिलाइदिन श्री शहरी विकास तथा भवन निर्माण विभाग, सिंहदरवार, काठमाडौं लाई अनुरोध गर्ने।